"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

**शैक्षिक प्रशासन महाशाखा**

विराटनगर, मोरङ

प्रदेश नं १

## निःशुल्क छात्रवृत्ति सम्बन्धी सूचना

**प्रकाशित मिति २०७९।०५।३०**

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ र नियमावली २०७७ तथा संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४,मा व्यवस्था भए बमोजिम लक्षित समूहलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि विराटनगर महानगरपालिकाको मिति २०७९।०५।२८ गतेको छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम यस महानगरपालिका अन्तरगतका संस्थागत विद्यालयहरुमा अध्ययनरत प्रारम्भिक बाल विकास (नर्सरी) कक्षादेखि कक्षा १२ सम्मका विद्यार्थीहरुले निशुल्क छात्रवृत्तिका लागि विद्यालयले विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति प्राप्त गर्ने संख्या एकिन गर्ने, लक्षित समूहका विद्यार्थीहरुबाट निवेदन लिने । विद्यार्थीहरुले पनि यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आफु अध्ययनरत विद्यालयमा निवेदन दिनुहुन अनुरोध छ। छात्रवृत्तिसम्बन्धी थप जानकारीका लागि विराटनगर महानगरपालिकाको वेभसाइट biratnagarmun.gov.np मा हेर्नु हुन समेत सरोकारवाला सबैमा अनुरोध छ।

"हामी सवैको रहर, सफा, सुन्दर, शिक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शैक्षिक प्रशासन महाशाखा
विराटनगर, मोरंग
प्रदेश नं. १

प.सं. - ०७९/८०
च.नं. - ९६९

मितिः २०७९।०५।३०

विषय :- छात्रवृत्ति विवरण पेश गर्ने बारे ।

श्री सबै संस्थागत विद्यालयहरु
विराटनगर ।

प्रस्तुत विषयमा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७ र संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४ मा व्यवस्था भए बमोजिम लक्षित समूहलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि मिति २०७९।०५।२८ गते बसेको छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम यस महानगरपालिका अन्तरगतका संस्थागत विद्यालयहरुले आ-आफ्ना विद्यालयमा अध्ययनरत प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा १२ सम्मका विद्यार्थीहरुलाई छात्रवृत्ति दिने प्रयोजनका लागि मिति २०७९।०५।३० गतेको राष्ट्रिय दैनिक न्यु सृष्टि पत्रिकामा प्रकाशित सूचना बारे सबै विद्यार्थीहरुलाई सूचित गराई निवेदन लिने र तपसिल बमोजिम तोकिएको प्रतिशतमा आवश्यक परेमा लक्षित समूह बीच प्रतिस्पर्धा गरी गराई वा विद्यालयले प्रचलित ऐन नियम अनुसार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामावली सहितको विवरण मिति २०७९ पौष मसान्तसम्ममा अनिवार्य रुपमा शैक्षिक प्रशासन महाशाखामा बुझाउन हुन अनुरोध छ ।

तपसिल

निशुल्क छात्रवृत्तिका लागि लक्षित समूह र छात्रवृत्तिका लागि प्रतिशत निम्न बमोजिम हुनेछ

| लक्षित समूह | छात्रवृत्ति प्रतिशत (कुल छात्रवृत्ति संख्यामा आधारित) |
|---|---|
| १ विपन्नता | ३६ प्रतिशत |
| २. जेहेन्दार | २० प्रतिशत |
| ३ जनजाति | १० प्रतिशत |
| ४. मुश्लिम (अल्प संख्यक) | १० प्रतिशत |
| ५. दलित | ८ प्रतिशत |
| ६ अपाङ्गता भएका | ८ प्रतिशत |
| ७ शहीद सन्तती | २ प्रतिशत |
| ८ बेपत्ता परिवारको सन्तती | २ प्रतिशत |
| ९ मधेश आन्दोलनका घाइते परिवारका सन्तती | २ प्रतिशत |
| १० द्वन्द्वपीडित परिवारका सन्तती | २ प्रतिशत |

नगर शिक्षा अधिकारी
उपसचिव । दशौं

शैक्षिक सत्र २०७८

| कक्षागत विवरण | जम्मा विद्यार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्ने प्रतिशत | छात्रवृत्ति उपलब्ध गराएको लक्षित विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| बाल कक्षा | | | | |
| कक्षा १ | | | | |
| कक्षा २ | | | | |
| कक्षा ३ | | | | |
| कक्षा ४ | | | | |
| कक्षा ५ | | | | |
| कक्षा ६ | | | | |
| कक्षा ७ | | | | |
| कक्षा ८ | | | | |
| कक्षा ९ | | | | |
| कक्षा १० | | | | |
| कक्षा ११ | | | | |
| कक्षा १२ | | | | |

..............................
दुर्गाप्रसाद खतिवडा
नगर शिक्षा अधिकारी
उपसचिव-दशौं

नगर शिक्षा अधिकारी
उपसचिव । दशौं

अवगतार्थ :
श्रीमान् प्रमुखज्यु, वि.म.न.पा.
श्री उप-प्रमुखज्यु, वि.म.न.पा.
श्री प्र.प्र.अ.ज्यु, वि.म.न.पा.